नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय भैरहवा
(करदाता सेवा शाखा)

☎०७१-५२१७६३ फ्याक्स
०७१-५२०१७७
एक्सचेन्ज
०७१-५२०१४३
E-mail: iro24@ird.gov.np

प.सं.: २०७९/८०
च.नं.: १००८

मिति: २०७९/०८/२५

श्री सिद्धार्थनगर उद्योग वाणिज्य संघ, सिद्धार्थनगर रुपन्देही ।
श्री तिलोत्तमा उद्योग व्यापार संगठन, तिलोत्तमा, रुपन्देही ।
श्री रुपन्देही उद्योग संघ, रुपन्देही ।
श्री लुम्बिनी च्याम्बर अफ कमर्श, रुपन्देही ।
श्री सिद्धार्थनगर नगरपालिका,
श्री तिलोत्तमा नगरपालिका (वडा नं ५ देखि १७ सम्म),
श्री देवदह नगरपालिकाको (वडा नं. १ देखि ४ र वडा नं. ११ र १२),
श्री लुम्बिनी सांस्कृतिक नगरपालिका,
श्री गैडहवा गाउँपालिका,
श्री कञ्चन गाउँपालिका,
श्री कोटहीमाई गाउँपालिका,
श्री मर्चवारी गाउँपालिका,
श्री मायादेवी गाउँपालिका,
श्री ओमसतिया गाउँपालिका,
श्री रोहिणी गाउँपालिका,
श्री सम्मरीमाई गाउँपालिका,
श्री सियारी गाउँपालिका
श्री शुद्धोधन गाउँपालिका, रुपन्देही ।
श्री मालपोत कार्यालय, बुटवल रुपन्देही ।
श्री यातायात व्यवस्था कार्यालय, बुटवल रुपन्देही ।

प्रशासन
मा श्री

विषयः सूचना टांस गरी सो को प्रचार प्रसार गरिदिनु हुन।

प्रस्तुत बिषयमा आर्थिक ऐन, २०७९ ले प्रदान गरेका छुट सुविधाहरुको संक्षिप्त सूची तयार गरी यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । उक्त सूचनाहरू सरोकारवालाहरु सम्म पुग्ने गरी आवश्यक प्रचार प्रसार गर्नका साथै तहां कार्यालयको सुचना पार्टीमा टांस गरिदिनुहुन र करदातालाई पर्ने अतिरिक्त करको भार घटाउन जानकारी गराउनुहुन समेत अनुरोध छ । प्रस्तुत छुट तथा सहुलियत(स्कीम)हरुको उपयोग गर्ने मिति समाप्त हुन लागेको हुंदा यथाशिघ्र प्रचार प्रसारको कार्य गरिदिनुहुन सम्बन्धित उद्योग वाणिज्य संघहरु तथा बस्तुगत संघहरुलाई विशेष अनुरोध छ ।

..................
(शान्तिराम निरौला)
प्रमुख कर अधिकृत

प्रमुख कर अधिकृत

श्री सु.प्र. शाखा
सूचना वेबसाइट मा राख्ने
पठाउने सूचना पाटीमा टाँस्ने
२०७९/०८/२६

नोटः छुट सुविधाका सम्बन्धमा विस्तृत जानकारीको लागि पत्र साथ संलग्न राखी पठाईएको छ । साथै आन्तरिक राजस्व विभागको वेभसाइट www.ird.gov.np मा गई विस्तृत बुझ्न सकिने छ ।

"स्वेच्छिक सहभागिता सहितको फराकिलो कराधारः दिगो र उत्पादनमुखी अर्थतन्त्रको आधार"

गैडहवा गाउँपालिका
दर्ता नं. १०९५
दर्ता मिति: २०७९/०८/२

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
भैरहवा

# आन्तरिक राजस्व कार्यालय भैरहवाको अनुरोध

**आर्थिक ऐन २०७९ ले निम्न प्रकारका छुटशुविधाहरु प्रदान गरेकोले करदाताहरुलाई उक्त छुटशुविधाहरुको उपयोग गर्न अनुरोध गर्दछौं ।**

- डे १ र डे २ को कारोबार घोषणा गरेका करदाताको मिस्स्याचबाट सो भन्दा बढी कारोबार भएको भएमा घोषित रकम र सो कारोवारको फरक रकमको १.५ प्रतिशतले हुने कर २०७९ चैत्र मसान्त भित्र दाखिला गरेमा सो विषयमा थप छानवीन नहुनाका साथै अन्य कर तिर्नुनपर्ने ।
- मिसम्याचको कारणले मुद्धामा गएको भए सो मुद्धा फिर्ता लिई कर निर्धारण गर्दा कायम भएको फरक रकमको १.५ प्रतिशतले लाग्ने कर दाखिला गरेमा अन्य मिन्हा हुने ।
- PAN नलिइ आय आर्जन गरेको व्यक्तिले २०७५।०७६, २०७६।०७७ र २०७७।०७८ को आय विवरण र सोमा लाग्ने कर २०७९ पौष महिना भित्र दाखिला गरी PAN लिएमा अन्य सबै छुट हुने ।
- कुनै JV ले २०७८ चैत्र मसान्तसम्मको मूल्य अभिबृद्धीकर विवरण र सोमा लाग्ने कर बुझाउन बाँकी भएमा यहि पौष महिना भित्र विवरण पेश गरी लाग्ने कर र ब्याजको ५० प्रतिशत बुझाएमा अरु सवै मिन्हा हुने ।
- कुनै JV ले २०७८ चैत्र मसान्तसम्मको मूल्य अभिबृद्धी कर बुझाउन बाँकी भएमा यहि पौष महिना भित्र उक्त कर र सोको ब्याजको ५० प्रतिशत दाखिला गरेमा अरु सवै मिन्हा हुने ।
- स्वयं निस्कासन प्रणालीमा आधारित आन्त:शुल्क लाग्ने कारोबार गर्नेले २०७८ साल चैत्र महिना सम्मको अन्त:शुल्क विवरण र अन्त:शुल्क रकम र विलम्ब शुल्क बापतको ५० प्रतिशत रकम यही पौष महिना भित्र दाखिला गरेमा अन्य सबै मिन्हा हुने ।
- स्वयं निस्कासन प्रणालीमा आधारित आन्त:शुल्क लाग्ने कारोबार गर्नेले २०७८ साल चैत्र महिना सम्मको बक्यौता अन्त:शुल्क रकम र विलम्ब शुल्क बापतको ५० प्रतिशत रकम यही पौष महिना भित्र दाखिला गरेमा अन्य सबै मिन्हा हुने ।
- अन्त:शुल्क इजाजत प्राप्त उद्योगले २०७९ पौष भित्र १५ बर्ष भन्दा अगाडीको पुरानो मौज्दात लगत कट्टा गर्न निवेदन दिएमा लगत कट्टा हुने ।